RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

fonepay

# QR Merchant नियुक्तिको फाराम

(तल उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुहोस्)

## QR Merchant भइ कार्य गर्न इच्छुक व्यवसायीको विवरण :

संस्थागत नाम

व्यवसायको नाम*

मोबाइल* | इमेल*

व्यवसायको ठेगाना*

प्रदेश | जिल्ला

गाउँ पालिका/नगरपालिका | टोल

व्यवसायको पान/भ्याट नम्बर*

व्यवसायको किसिम*

| | | | |
|---|---|---|---|
| ☐ होटल / रेस्टुरेन्ट / क्याफे | ☐ खुद्रा पसल | ☐ स्टेशनरी | ☐ ट्राभल एण्ड टुर |
| ☐ साइबर / कम्युनिकेशन | ☐ इलेक्ट्रोनिक्स | ☐ फेन्सी / कपडा पसल | ☐ स्वास्थ सेवा |
| ☐ शिक्षा | ☐ शपिङ्ग सेन्टर | ☐ गहना | ☐ हार्डवयर |
| ☐ सैलुन / पार्लर | ☐ वर्क सप / अटो केयर | ☐ फर्निचर | ☐ ट्रेडर्स |
| ☐ उधोग | ☐ मिडिया | ☐ अन्य | |

अनुमानित दैनिक कारोबार रकम | संख्या

दर्ता भएको संस्था*

☐ गाउँ / नगरपालिका ☐ घरेलु तथा साना उधोग विभाग ☐ वाणिज्य विभाग

☐ कम्पनि रजिष्ट्रार को कार्यालय ☐ अन्य

### रिलायन्स फाइनान्स लिमिटेड खाता विवरण*

शाखा कार्यालय | खाता नं.

खातावालको नाम

### आधिकारीक सम्पर्क व्यक्तिको विवरण *

नाम* | पद

मोबाइल* | नागरिकता नं.

इमेल | फोन. नं

### सम्भावित प्रचार सामग्री*

☐ QR स्ट्यान्ड ☐ QR स्टिकर ☐ 'We Accept' स्टिकर ☐ Open / Close Door Signage

☐ अन्य

## १. यस आवेदनमा आवेदकले हस्ताक्षर गरेको मिती देखी उल्लेखित सम्झौताहरू लागु रहनेछन् ।

१.१. यस सम्झौतापत्रमा पक्षहरु भन्नाले रिलायन्स फाईनान्स लि. काठमाण्डौं र QR Merchant भई कार्य गर्ने वा गर्न इच्छुक व्यवसायीलाई सम्झनुपर्नेछ।

१.२. यस सम्झौताको अवधि सम्झौता भएको मिति देखी २ (दुई) वर्ष सम्म रहनेछ र तत्पश्चात उक्त सम्झौतामा पक्षहरुको आपत्ती नभएमा स्वत: नविकरण भई पुन: सोहि अवधि सम्मलाई लागु रहि रहने छ ।

१.३. यस सम्झौतापत्र अनुरुप सेवा शूल्कहरु आवेदन, शर्त तथा बन्देज फोन पे नेटवर्कमा खुलाए बमोजिम हुनेछ ।

१.४. यस सम्झौतापत्र अनुरुप कारोबारमा आवद्ध रहने व्यवसायीहरुका लागि आवश्यक पर्ने ब्रान्डीङ तथा परिचालन निर्देशीका (**Branding & Operational Guidelines**) फोन पे प्रा.लि. द्वारा जारी गरिनेछ जसको अक्षरस पालना **QR Merchant** ले गर्नुपर्नेछ।

१.५. यस सम्झौतापत्र अनुरुप कुनै शर्त वा व्यहोरा फेरबदल गर्नुपरेमा पक्षहरुको आपसी सहमतिबाट संशोधन, थपघट तथा खारेज गर्न सकिनेछ ।

१.६. कनै पनि पक्षले यस सम्झौतापत्रलाइ रद्द गर्न चाहेमा कम्तिमा ३० (तिस) दिन अगाडि कारण खुलाई अर्को पक्षलाई सुचना प्रदान गरि रद्द गर्नुपर्ने छ ।

१.७. यस सम्झौतापत्र अन्तर्गत कुनै पनी विवाद आएमा पक्षहरुको आपसी सहमतीबाट समाधान गर्न सकिनेछ र उक्त विवाद यदि ३० (तिस) दिन भित्र समाधान नभएमा प्रचलित नेपाल कानुन अनुसार समाधान गरिनेछ ।

## २. QR Merchant का अन्य शर्त तथा बन्देजहरू :

२.१. Real Time मा इसेवा तथा फोन पे नेटवर्क प्रयोग गरि भुक्तानी स्वीकार गर्नुपर्नेछ।

२.२. आफ्ना ग्राहकहरुलाई यस बारेमा जानकारी गराई रिलायन्स फाईनान्स तथा फोन पे नेटवर्क मार्फत भुक्तानी गर्न लगाउनु पर्नेछ।

२.३. **QR Merchant** को इसेवा तथा फोन पे नेटवर्क मार्फत भुक्तानी गरेको रकम जम्मा गर्नका लागि रिलायन्स फाईनान्सका कुनै पनि शाखामा खाता हुनु पर्नेछ।

२.४. रिलायन्स फाईनान्सले प्रदान गरेको प्रचार सामग्री तथा QR Code प्रष्ट रुपमा देखिने गरि राख्नु पर्नेछ।

२.५. ग्राहकसँग भुक्तानी लिँदा कारोबार रकम अलावा कुनै पनि अतिरिक्त शूल्क लिन पाइने छैन।

२.६. QR Merchant ले निम्न बमोजिम फोन पे प्रा.लि. लाइ म्यादै भित्र सेवा शूल्क प्रदान गर्नुपर्नेछ।

## ३. रिलायन्स फाईनान्सको दायित्वहरू :

३.१. QR Code मार्फत भुक्तानी लिनको लागि चाहिने वेव तथा मोबाईल एपको व्यवस्था गर्नेछ।

३.२. कारोबार भएको सम्पूर्ण विवरण हेर्न र बैंकमा रकम जम्मा गर्न आवश्यक तालिम प्रदान गर्नेछ।

३.३. भुक्तानी लिनको लागि चाहिने QR Code तथा प्रचार सामग्री प्रदान गर्नेछ।

### मन्जुरनामा

यस आवेदनमा मैले भरेका विवरण तथा पेश गराइएका कागजातहरु कानुनसम्मत छन् र उक्त विवरण तथा कागजातहरुका अधिनमा रहि QR Merchant का लागी माथी उल्लेखित सम्झौता, शर्त र दायित्वहरु समेत पढि, मनन गरि त्यसमा मेरो पुर्ण मञ्जुरी जनाउँदछु। साथै यस QR Merchant खाता सञ्चालनका सम्बन्धमा फोन पे ले समय समयमा जारी गर्ने नियमहरु समेतलाई मञ्जुरी जनाई पालना गर्नेछु । यसमा लेखिएका व्यहोराहरु ठिक, साचो छन्, झुठा ठहरे कानुन बमोजीम सहुँला बुझाउँला ।

परिचयकर्ताको नाम

आवेदकको हस्ताक्षर

मिति: